गौमुल गाउँपालिका
☎ ९८४८४९२७२७
# गाउँ कार्यपालिकाको कार्यालय
घटमुना, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## आ.व २०८१।२०८२ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सुचना।

### प्रथम पटक प्रकाशित मिति:२०८०।११।०४

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमको मिति २०८०।११।२८ को पत्राअनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागी रुपान्तरण पहल आयोजनाको कार्यान्वयनका लागि सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी, जनजाति, दलित तथा अन्य सिमान्तकृत समुदाय लाई सामाजिक संरक्षण उपलब्ध गराउने उद्देश्य बमोजिम हरेक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभुति गराउन तोकिएको मापदण्ड पुरा गरेका नेपाली नागरिकहरुले **रोजगारीको हक सम्बन्धी ऐन २०७५ नियमावलि २०७५ को नियम ७ को अनुसुचि १** बमोजिम आफु स्थायी बसोबास गरेको वडा कार्यालयमा वा स्थानिय तहमा रहेको रोजगार सेवा केन्द्रमा फागुन मसान्त भित्र आ व २०८१।२०८२ को लागि निवेदन फारम भर्न सम्वन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।

तपशिल

१. सम्वन्धिन व्यक्तिको नागरिकताको फोटोकपीको प्रतिलिपी एक प्रती।

२. हाल सालै खिचिएको पास पोट साईजको फोटो एक प्रती।

३. उमेर १८ वर्ष पुरा भई ५९ वर्ष ननागेका नेपाली नागरिक हुनुपर्नेछ।

४. निबेदन दिदाँको मितिसम्म सोहि आर्थिक वर्षमा न्युनतम १०० दिनको रोजगारीमा संलग्न नरहेको हुनुपर्नेछ।

५. स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निबेदन दिंदाको मिति सम्म सोहि आर्थिक वर्षमा न्युनतम सय दिनको रोजगारी बापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक बराबरको आय रु ६६८०० भन्दा कम आय भएको हुनु पर्नेछ।

६.सम्वन्धित बेरोजगार व्यक्तिको परिवारको नागरिकता तथा जन्म दर्ताको प्रतिलिपि १ प्रति।

७. निबेदकको बैक खाता र सम्पर्क नम्बर

८.नागरिकतामा फरक जारी जिल्ला भएमा बसाईसराई तथा बिबाह दर्ताको प्रतिलिपि अनिवार्य हुनुपर्नेछ।

९. फारम सम्बन्धित वडा कार्यालय वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभ साईट http://pmep.gov.np बाट समेत डाउनलोड गर्न सकिनेछ।

नि.प्रमुख प्रशासकिय अधिकृत

बोधर्थ: श्री सुचना तथा प्रविधि शाखा वेभ साईटमा अपलोड गरिदिन हुन।